स्वच्छ समृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

☎०२७- ५२००६०
५२००६५
५२००३०
५२००३१

Green Ilam

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय इलाम जिल्ला प्रदेश नं.१, नेपाल २०७३

प.सं. : आ.प्र.शा. ( ) ०७९/०८०
च.नं.:- १६३८

प्रदेश नं १,नेपाल
मिति:२०७९।९।३

**विषय : सुचना प्रकाशित गरिएको ।**
**(सुचना प्रकाशित मिति २०७९।९।३ गते आइतवार)**

प्रस्तुत विषयमा इलाम नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुको आ.व.२०७८।०७९ (२०७८ साल श्रावण १ गते देखी २०७९ आषाढ मसान्त) सम्मको आय व्यय हिसावको अन्तिम लेखा परीक्षण कार्य गर्नु गराउनु पर्ने भएकोले नेपाल चार्टड एकाउण्टेन्स् संस्था (ICAN) बाट सदस्यता लिई लेखा परीक्षण फर्म दर्ता गरि चालु आ.व. २०७९।०८० सम्मको लागि नविकरण गराएका र आन्तरिक राजश्व कार्यालयबाट करचुक्ता प्रमाणपत्र लिएका लेखापरीक्षकहरुले १५ (पन्ध्र) दिन भित्र तपशिलमा उल्लेख भए अनुसार यस कार्यालयमा निवेदन पेश गर्नु हुन कार्यालयको मिति २०७९।८।२५ गतेको निर्णयानुसार अनुरोध छ । म्याद नाघी वा रीत नपुगी आएका निवेदन उपर कार्वाही नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपशिल :-

१. निवेदकको पूरा विवरण स्थायी/अस्थायी ठेगाना,सम्पर्क टेलिफोन/मोवाइल नम्वर समेत खुलाई निवेदन पत्रमा आफैले दस्तखत गरी निवेदन यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।
२. नेपाल चार्टर्स एकाण्टेन्स् संस्था (ICAN) मा दर्ता भएको प्रमाणपत्र आ.व. २०७९।२०८० को लागि नविकरण गराएको प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।
३. आन्तरिक राजश्व कार्यालयबाट जारी भएको स्थायी लेखा (PAN) नं. दर्ता प्रमाणपत्र र आ.व. ०७८।०७९ कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
४. लेखा परीक्षक बहालवाला सरकारी शिक्षक वा प्राध्यापक र अन्य संघ संस्थामा काम गर्ने कर्मचारी भएमा चालु आ.व. मा लेखापरीषण कार्य गर्न विभागीय प्रमुखबाट दिएको विभागीय स्वीकृति अनिवार्य पेश गर्नु पर्नेछ ।
५. इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा व्यवसाय दर्ता भई सूचिकृत भएको हुनु पर्नेछ ।
६. अन्य विस्तृत विवरण बुझ्नु परेमा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

(गणेशकुमार खड्का)
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत